नेपाल सरकार
गौरादह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौरादह, झापा ।
प्रथम पटक प्रकाशित मिति :-२०७६/०८/१५ गते ।
(दरभाउपत्र सूचना नं. १)

# औषधि खरिद सम्बन्धि शिलबन्दि दरभाउपत्र आह्वानको सूचना

यस नगरपालिकाको लागि चालु आ.व. २०७६/०७७ का लागि आवश्यक पर्ने आयुर्वेद औषधिहरु सिलवन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्वन्धित इच्छुक फर्म/कम्पनी वा सप्लायर्सहरु बाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

- दरभाउपत्र फारम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र,औषधि उत्पादन र विक्रि गर्ने इजाजतपत्र,आयकर दर्ता प्रमाण पत्र र मुल्यअभिवृद्धि कर दर्ता प्रमाण,नागरिकताको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १४ औं दिन सम्म कार्यालय समय भित्र रु १०००/-अक्षरेपि रु.एक हजार मात्र (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै रसिद निवेदनसाथ रु १०/- को हुलाक टिकट टाँसि संस्थाको प्रोपाईटर वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र फारम खरिद गर्न सक्नेछ । दरभाउपत्र यस कार्यालयवाट कार्यालय समयमा सम्पर्क गरीखरिद गर्न सकिने छ ।
- खरिद गरेको दरभाउपत्र रितपूर्वक भरि सिलबन्दी गरी प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ र दर्ता हुन आएका दरभाउपत्र फारम सरकारी प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५औं दिन दिनको २.०० बजे यस कार्यालयमा खोलिनेछ । सिलवन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा बाधा पर्नेछैन ।
- सिलवन्दि दरभाउपत्रमा जमानत वापत इस्टिमेट अंकको ३ प्रतिशत (तीन प्रतिशत) ले हुन आउने रकम मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको जमानतपत्र वा यस कार्यालयको धरौटी खाता नं. ........................................ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्ने छ । वा कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी मान्यता प्राप्त बैंकको जमानत पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ ।
- दरभाउपत्र खरिद गर्ने,दर्ता गर्ने,खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा सोको भोलीपल्ट कार्यालय समय भित्र हुनेछ ।

खेमराज ओझा
प्रमुख प्रशासकीय अधिकृत

- दरभाउपत्र स्वीकृत भएपछि सम्भौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा माग गरे अनुसार म्याद भएको जमानत पत्र सक्कलै पेश गर्नुपर्नेछ ।
- सिलबन्दि दरभाउपत्र दाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ । केरमेट वा थपघट गर्नु पर्ने भएमा वुभिने गरि सो काटिएको वा थपिएको स्थानमा दायाँ,वायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ ।
- आ.ब. ०७६/०७७का लागी औषधि खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ । दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.ब.का लागी भएकाले आगामी असार मसान्त सम्म कुनै प्रकारको मूल्यबृद्धिलाई स्वीकार गरिनेछैन ।
- कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ । आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको वा फोटोकपी दरभाउपत्र फारम मान्य हुनेछैन ।
- रित नपुगेको,म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको सिलवन्दि दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।
- पेश हुन आएका दरभाउपत्रहरु पुर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउपत्रमा उल्लेखित भएका औषधिहरुको परिमाणमा थप/घट हुन सक्नेछ ।
- यस कार्यालयमा औषधि आपूर्ति गर्दा लाग्ने ढुवानी,प्याकिङ्ग तथा अन्य खर्चहरु दरभाउपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।
- सप्लाई हुने औषधिहरुमा उत्पादन मिति, समाप्ती मिति,ब्याच नं. तथा यो औषधि विक्रिको लागी होईन भन्ने वाक्यांश लेखिएको हुनुपर्नेछ ।
- यस कार्यालयमा औषधि दाखिला हुने समयमा औषधिको समाप्ती म्याद कम्तिमा १८ महिना बाँकी हुनुपर्नेछ । र कुनै औषधिको समाप्ती मिति १८ महिना भन्दा कम अवस्थामा जम्मा समाप्ती मिति ७५ प्रतिशत म्याद बाँकी हुदा दाखिला गर्न सकिनेछ ।
- दरभाउपत्र फारममा खरिद गर्ने प्रत्येक औषधि आईटम वाईज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले भर्नुपर्नेछ । यसरी कम्पनी उल्लेख नभएको फर्म मान्य हुने छैन ।
- दरभाउ पत्र पेश गर्दा प्रति औषधि आईटम १।१ फायलका दरले तोकिएको साईज र तौलमा जुन कम्पनिको औषधि सप्लाई गरिने हो त्यहि कम्पनिको औषधि स्याम्पल दिनु पर्नेछ । सो स्याम्पल फिर्ता हुने छैन र पछि औषधि सप्लाईमा गणना पनि हुने छैन। साथै स्याम्पल गुणस्तरयुक्त नभएमा दरभाउ पत्र स्विकृत हुने छैन।
- यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
- शिलवन्दि दरभाउपत्र सम्वन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी वुझन सकिनेछ ।

तपसिल :-

| क.सं. | विवरण | ईष्टिमेट अंक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यालयको लागी आवश्यक आयुर्वेद औषधि खरिद । | १२६००००/- | ३७८००/- | |

खेमराज ओझा
प्रमुख प्रशासकीय अधिकृत